**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 01.06.2024**

## ईलेक्सन रिजल्ट

सिक्किम विधानसभाका बत्तीस सीटहरूमध्ये एकतीस सीट जितेर सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टी पुनः दोस्रो अवधिका लागि सत्ता सम्हाल्ने भएको छ।

गत महीना उन्नाइस तारीकका दिन भएको चुनाउको आज घोषित मतगणना परिणाम अनुसार विपक्षी सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टी एक सीटमा मात्र विजयी हुन सक्यो भने भारतीय जनता पार्टी बिजेपी, सिटिजन एक्शन पार्टी सिक्किम र सिक्किम रिपब्लिकन पार्टीले खाता समेत खोल्न सकेनन्। निर्दलीय उम्मेदवारहरूले पनि पराजयको सामना गर्नुपर्यो।

निर्वाचन आयोग सूत्र अनुसार सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीलाई अन्ठाउन्न दशमलउ (58.19) एक नौ प्रतिशत भोट प्राप्त भएको छ भने एसडिएफ ले सत्ताइस दशमलउ चार पाँच प्रतिशत,(27.45) भारतीय जनता पार्टी बिजेपी ले पाँच दशमलउ दुई दुई प्रतिशत र अन्यले सात दशमलउ आठ तीन प्रतिशत मत हासिल गरेका छन्।

एसकेएम पार्टीका अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामङ दुइवटै समष्टि रिनाक र सोरेङ च्याखुङबाट भारी मतले बिजयी हुनुभएको छ।

पाकिम जिल्ला अन्तर्गत रिनाक समष्टिमा उहाँले आफ्ना निकटतम प्रतिद्वन्दी श्री सोमनाथ पौड्याललाई सात हजार चौवालिस र सोरेङ च्याखुङमा निकटतम प्रत्याशी एसडिएफ का सात हजार तीन सय छ्यानब्बे भोटले हराउनुभयो।

दुवै समष्टिमा श्री तामङले दस हजार भन्दा अधिक भोट प्राप्त गर्नुभएको छ।

गान्तोक जिल्लाको आरिथाङ समष्टिमा श्री अरूण कुमार उप्रेतीले आफ्ना निकटतम प्रतिद्वन्दी एसडिएफ का श्री आशीष राईलाई दुई हजार सात सय उन्तीस भोटले परास्त गर्नुभयो। श्री उप्रेतीको पक्षमा पाँच हजार तीन सय छप्पन्न भोट पर्न गर्यो।

गान्तोक जिल्ला अधिनकै स्यारी समष्टिबाट सिक्किम प्रजातान्त्रिक मोर्चाका श्री तेञ्जिङ नर्बु लाम्था बिजयी हुनुभयो।

उहाँले आफ्नो निकटतम प्रतिद्वन्दी एसकेएम पार्टीका वरिष्ट नेता श्री कुंगा निमा लेप्चालाई एक हजार तीन सय चौध मतको अन्तरले हराउनुभयो।

एसडिएफ प्रत्याशीले छ हजार चार सय तेह्र भोट प्राप्त गर्नुभएको छ।

श्री कुंगा निमा लेप्चाले स्यारी क्षेत्रबाटै एसकेएम पार्टीका टिकटमा दुइ हजार चौध र दुई हजार उन्नाइस सालको चुनाउ जित्नुभएको थियो।

## लुजिङ क्यान्डिडेट

विपक्षी सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीका अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले यसपालि दुईवटा समष्टि नाम्ची जिल्ला अन्तर्गत पोकलोक कामराङ र पाकिम निर्वाचन क्षेत्रको नाम्चेबुङबाट चुनाउ लड़नुभएको थियो।

उहाँले दुईवटै सीटमा पराजयको सामना गर्नुपर्यो।

पोकलोक कामराङमा एसकेएमका  श्री भोजराज राईले श्री चामलिङलाई तीन हजार त्रिसाठी (3063)मत र नाम्चेबोङमा एसकेएम कै प्रत्याशी श्री राजु बस्नेतले दुई हजार दुई सय छप्पन्न मतले परास्त गर्नुभयो।

उन्नाइस सय बयासी सालमा याङथाङ ग्राम पञ्चायतका अधअयक्षको रूपमा निर्वाचित भएर राजनीतिमा प्रवेश गर्नुहुने श्री चामलिङ पहिलोचोटि उन्नाइस सय पचासी सालमा सिक्किम संग्राम परिषद पार्टीको टिकटमा तत्कालिन दाम्थाङ समष्टिबाट बिजयी हुनुभएको थियो।

त्यसपछि उन्नाइस सय नवासीमा (1989) पनि सिक्किम संग्राम परिषद अनि पछि एसडिएफ पार्टीबाट उन्नाइस सय चौरानब्बी दुई हाजर चारमा दामथाङ क्षेत्र, 2009 को चुनाउमा पोकलोक कामराङ र नाम्ची सिंगिथाङ बाट दुई हजार चौध सालमा नाम्ची सिंगिथाङ र राङगाङ याङगाङ अनि दुइ हजार उन्नाइसमा पोकलोक कामराङ र नाम्ची सिंगिथाङ बाट बिजयी हुनुभएको थियो।

लगातर आठ पल्ट विधानसभा चुनाउ जित्ने र पाँच अवधिका लागि मुख्यमन्त्रीको पद सम्हाल्ने श्री चामलिङले यसपालि मात्र हारको सामना गर्नुपरेको हो।

एसडिएफ पार्टीको टिकटमा 2024 सालको चुनाउ लड़ेर पराजित हुने अर्का उम्मेतवार हुनुहुन्छ श्री भाइचुङ भुटिया।

नाम्ची जिल्ला अन्तर्गत बर्फुङ समष्टिमा एसकेएम पार्टी प्रत्याशी श्री रिक्शल दोर्जी भुटियाले उहाँलाई चार हजार  तीन सय छ्यालिस भोटले हराउनु भयो।

श्री दोर्जी भुटियालाई आठ हजार तीन सय अन्ठाउन्न भोट र श्री  भाइचुङ भुटियालाई चार हजार बाह्र मत प्राप्त भएको छ।

भारतीय फुटबल टीमका पूर्व कप्तान श्री भाइचुङ भुटियाले एकतीस मई 2018 सीलनी नयाँ राजनीतिक पार्टी हाम्रो सिक्किम पार्टी गठन गर्नुभएको हो। 2019 सालको विधानसभा चुनाउ र पछि उप चुनाउमा पनि हारको सामना गर्ने हाम्रो सिक्किम पार्टी गत वर्ष नवम्वर महीनामा सिक्किम प्रजातान्त्रिक मोर्चामा बिलय भएको थियो।

नवगठित सिटिजन एक्शन पार्टीका संयोजक श्री गणेश कुमार राई पाकिम जिल्ला अन्तर्गत छुजाचेन निर्वाचन क्षेत्र र नाम्ची जिल्ला अधिन मल्ली समष्टिबाट पराजित हुनुभएको छ।

मल्ली क्षेत्रमा उहाँलाई एसकेएम पार्टीका श्री नरबहादुर प्रधानले चार हजार दुई सय तिरासी भोटले हराउनु भयो।

श्री प्रधानले सात हजार नौ सय चार र श्री राईले तीन हजार छ सय एक्काइस मत पाउनु भएको छ।

छुजाचेनमा एसकेएम का श्री पूरण कुमार गुरूङ बिजयी हुनुभयो।

2024 सालको सिक्किम विधानसभा चुनाउमा पराजित हुने अर्का प्रमुख उम्मेदवार हुनुहुन्छ भारतीय जनता पार्टीका अध्यक्ष श्री डिल्लीराम थापा।

गान्तोकको अप्पर बुर्तुक समष्टिमा उहाँलाई एसकेएम प्रत्याशी श्रीमती कला राईले दुई हजार पाँच सय अड़सठी भोटले परास्त गर्नुभयो।

श्रीमती राईको पक्षमा छ हजार तीन सय तेइस र श्री थापालाई तीन हजार  सात सय पचपन्न भोट पर्न गएको छ।

2019 सालमा एसडिएफ पार्टीका उम्मेदवारको रूपमा चुनाउ जित्ने श्री डिल्लीराम थापा, पछि भारतीय जनता पार्टीमा सामेल हुनुभएको  हो।

**विनिङ ह्युमेन क्यान्डिडेट**

सिक्किम विधानसभाका लागि चुनावी संघर्ष गर्ने जम्मा एक सय छ्यालिस उम्मेदवारहरूमध्ये बाह्रजना महिला प्रत्याशीहरूमा चारजना विजयी भएका छन्। यी चैरजना एसकेएम पार्टीका उम्मेदावार हुन्।

राङगाङ याङगाङकी प्रत्याशी श्रमती राजकुमारी थापाले छ हजार पाँच सय चौध भोट पाएर निकटतम प्रतिद्वन्दी एसडिएफ का श्री मणिकुमार सुब्बालाई एक हजार दुई सय एक मतले हराउनुभयो।

2019 सालमा यसै समष्टिबाट एसडिएफ उम्मेदवारको रूपमा चुनाउ जित्ने श्रीमती थापा पछि भारतीय जनता पार्टीमा सामेल हुनुभयो। केही महीनाअघइ मात्र उहाँ एसकेएम पार्टीसित संलग्न रहनुभयो।

नाम्ची सिंगिथाङकी उम्मेदवार श्रीमती कृष्ण कुमारी राईले एसडिएफ का श्री विमल राईलाई पाँच हजार तीन सय दुई भोटले हराउनुभयो। उहाँलाई जम्मा सात हजार नौ सय सात मत प्राप्त भएको छ।

नाथाङ माचोङकी प्रत्याशी सुश्री पामिन लेप्चाले छ हजार छ सय छ्यात्तर भोट पाएर एसडिएफ का छिरिङ वाङ्दी लेप्चालाई तीन हजार आठ सय सात भोटले परास्त गर्नुङभयो।

अप्पर बुर्तुकमा श्रीमती कला राई बिजयी हुनुभएको छ।

चुनावी प्रतिस्पर्धा गर्ने अन्य पार्टीका महिला उम्मेदवारहरूमा सामेल हुनुहुन्छ भारतीय राष्ट्रिय काँग्रेसकी श्रीमती स्नुमित तार्गेन, सुमित्रा राई, छिरिङ पेमा भुटिया र गंगा लेप्चा, भारतीय जनता पार्टीबाट श्रीमती पूजा शर्मा, अरूणा मगर, सिटिजन एक्शन पार्टीबाट श्रीमती सुमित छेत्री, फुरी शेर्पा र संजु राई अनि सिक्किम रिपब्लिकन पार्टीबाट लक्ष्मी शर्मा।

**पोल्ड ईभिएम सिल्ड**

मतगणना प्रक्रिया अनुरूप डाक मतपत्रहरू लगायत ईभइएम र भिभिपेट पर्चीहरूको गणना आज दिउसो पूरा भएपछि सीलबन्द गरिएका इलेक्ट्रोनिक भोटिङ मशिनहरूलाई सम्वन्धित मतगणना केन्द्रका स्ट्रङ रूमा राखिएको छ।

यहाँहरूलाई थाहै होला आज बिहान पाँच बजी स्ट्रङ रूम खोलिएपछि छ बजीदेखि गणना प्रक्रिया शुरू भएको थियो।

गत उन्नाइस अप्रेलका दिन दुवै विधानसभा र लोकसभाको एक मात्र सीटका लागि भएको चुनाउमा डाक मतपत्रहरूलाई छोड़ेर उनासी दशमलउ नौ शून्य प्रतिशत मतदान भएको थियो।

लोकसभा सीटको गणना आँउदो मंगलबार चार जूनका दिन बिहान आठ बजीदेखि आरम्भ हुनेछ।

**गभर्नर**

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले भारतीय निर्वाचन आयोगको चौध मई 2019 को अधिसूचना अनुरूप गठित दशौं सिक्किम विधानसभा विधटन गर्नुभएको छ।

राज्यपालद्वारा हिजो जारी आदेश अनुसार यो आदेश दुई जुनको मध्यरातदेखि प्रभावी भएको छ।

**पिएम कंग्राचुलेसन**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सिक्किम विधानसभा चुनाउ 2024 मा ऐतिहासिक जीतका लागि सिक्किम क्रान्तिकारी मोर्चा पार्टी र मुख्यमन्त्री श्री प्रेमसिंह तामङलाई बधाई दिनुभएको छ।

ट्वीट सन्देशमा उहाँले आगामी दिनहरूमा सिक्किमको अझै प्रगतिका लागि राज्य सरकारसित मिलेर काम गर्ने इच्छा प्रकट गर्नुभएको छ।

**सिएम थ्याँङ्स गिभिङ**

सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका अध्यक्ष श्री प्रेमसिंह तामङले यसपालिको विधानसभा चुनाउमा पार्टीको ऐतिहासिक जीतका लागि सिक्किमका जनताप्रति आभार प्रकट गर्नु भएको छ।

उहाँले यस जीतलाई युवावर्ग, विद्यार्थीगण र समृद्धि तथा समावेशी समाजका लागि उज्जवल भविष्यको सपना देख्ने प्रत्येक सिक्किमको बताउनुभएको छ।

प्रजातन्त्रमा विचारको विविधता र स्वस्थ वहसले सबैलाई सुदृढ बनाउने कुरो बताँउदै श्री तामङले राज्य र आम जनताका कल्याणार्थ एकजुट भएर काम गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभएको छ।

आवश्यकतामाथि जोड़ दिनुभएको छ।

प्रचण्ड विजयता लागि एसकेएम पार्टीका सबै प्रत्याशीहरूलाई बधाई दिँदै श्री तामङले एकता, अखण्डता, न्याय र समानता कायम राख्दै राज्य र राज्यवासीहरूको हितमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको छ।

**एक्स एमएलए**

सिक्किम पूर्व विधायक परिसंघले श्री प्रेमसिंह तामङ नेतृत्ववादी सिक्किम क्रान्तिकारी मोर्चा पार्टी भारी विजय भएकोमा वधाई दिएको छ।

अध्यक्ष श्री डी बी ठटालको अध्यक्षतामा आज बसेको परिसंघको बैठकमा सबै निर्वाचित उम्मेदवारहरूलाई वधाई दिइयो।

परिसंघले सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सरकारको दोस्रो कार्यकालमा सिक्किमका थाँतीमा रहेका धेरै कामहरू पूरा हुने र जनताको हितलाई ध्यानमा राखिनेछ भन्ने विश्वास व्यक्त गरेको छ।